**प्रेस विज्ञप्ति**

**माघ १३, २०८२**

**होटल फरेष्ट इन लिमिटेडको बैदेशिक रोजगारीमा रहेका नेपालीहरुमा निष्काशन गरिएको प्राथमिक शेयर बाँडफाँड सम्बन्धमा ।**

एन आई सी एशिया क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा होटल फरेष्ट इन लिमिटेडको जारी पूँजीको १०% अर्थात रु.४,००,००,०००/- रकम बराबरको रु.१०० अंकित दरको ४,००,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त विवरणपत्र अनुसार शेयर बिक्रीको लागि मेरो शेयरको एप्लिकेशन मार्फत सि–आश्वा सदस्य बैक तथा वित्तीय संस्थाबाट खरिद आवेदन गर्न मिल्ने गरी मिति २०८२/१०/०४ गतेदेखि मिति २०८२/१०/०८ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएको र उक्त निष्काशनको समयमा जम्मा ८१,७९७ जना आवेदकहरुबाट जम्मा १,२९३,०४० कित्ता शेयर खरिदको लागि आवेदन प्राप्त भएकोमा सो मध्ये सम्बन्धित सि–आश्वा सदस्य बैक तथा वित्तीय संस्थाहरुले विविध कारणबाट ६,६८९ जना आवेदकहरुबाट प्राप्त जम्मा १४७,२८० कित्ता शेयर खरिदको लागि प्राप्त आवेदनहरु रद्द गरे पश्चात् बाँकी रहेको ७५,१०८ जना आवेदकहरुबाट जम्मा ११,४५,७६० कित्ता शेयर खरिदको लागि अन्तिम आवेदन प्राप्त भएको र उक्त आवेदनहरुलाई आवश्यक प्रशोधन गरि सोको बाँडफाँड देहाय बमोजिम गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

शेयर खरिदका लागि प्राप्त आवेदनहरु मध्ये ९ जना आवेदकहरुले दोहोरो हितग्राही खाता प्रयोग गरी १८ वटा आवेदन मार्फत जम्मा १९० कित्ता शेयर खरिदको लागि आवेदन गरेको हुँदा उक्त आवेदनहरु रितपूर्वक नदेखिएकोले उक्त आवेदनहरुलाई रद्द गरी जम्मा ७५,०९० जना आवेदकहरुलाई गोलाप्रर्थाको माध्यमबाट १० कित्ता शेयरका दरले जम्मा ४०,००० जना आवेदकहरुलाई ४,००,००० कित्ता शेयर बाँडफाँड गरिएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

साथै बैदेशिक रोजगारीमा रहेको नेपालीहरुलाई निष्काशन गरिएको शेयरको बाँडफाँडको नतिजा सडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट संचालित वेभसाईट www.iporesult.cdsc.com.np/meroshare.cdsc.com.np तथा यस क्यापिटलको वेभसाईट www.nicasiacapital.com बाट हेर्न सकिने व्यहोरा अनुरोध छ ।

............................

रामेन्द्र रायमाभ्ती

प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य